मिति :- २०८१/०८/०२ गते

समय :- विहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ४० औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

अन्य उपस्थिति

देव बहादुर बेटमल्ल - प्रशासन सहायक

अनिल के.सी.

**मिति २०८१/०८/०२ गतेको नगर कार्यपालिकाको ४० औं बैठकमा पेस भएका प्रस्तावहरू**

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने । | |
| ३ | सडक बोर्ड नेपाल अन्तर्गतको वार्षिक कार्यक्रम स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | सड बोर्ड नेपालबाट प्राप्त बजेट स्वीकृत गरी शान्तिबजार – घर्तीकाँडा - खागल सडक स्तरोन्नती शीर्षकको आयोजनामा बजेट कार्यान्वयन गर्ने । | |
| ४ | उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण कार्यक्रम अन्तर्गतका आयोजनाका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी प्रस्ताव । | उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्ताव पेस गर्ने । | |
| ५ | बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने । | |
| ६ | नगरपालिकाको JCB खरिद गर्ने सम्बन्धी प्रस्ताव | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१घ. बमोजिम हुने गरी JCB खरिद गर्ने । | |
| ७ | विविध समसायिक विषयमा छलफल गर्ने सम्बन्धी प्रस्ताव | सवारी साधन मर्मत वापतको रकम भुक्तानी गर्ने । | |

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प दाहा
नगर प्रमुख

## मिति २०८१/०८/०२ गतेको ४० औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १ : प्रस्ताव नं. १ 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्विनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'आर्थिक वर्ष २०८१/०८२ को सडक बोर्ड नेपाल अन्तर्गतको वार्षिक कार्यक्रम स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सडक बोर्ड नेपालको चलानी नं. ४४० मिति २०८१ असोज १३ गतेको पत्रमा आर्थिक वर्ष २०८१/०८२ मा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि बजेट उपशीर्षक नं. ३३७३१०११३ अन्तर्गत बोर्डको कार्यकारी समितिको २०८१ असोज ७ गतेको निर्णयानुसार यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) लाई रु. ४२,००,०००। (बयालिस लाख मात्र) बजेट स्वीकृत गरी पठाएकोले सडक बोर्ड नियमावली, २०६० परिच्छेद ३ को नियम (९) बमोजिम ३० प्रतिशतले हुन आउने रकम १२,६०,००० । (बाह्र लाख साठी हजार) समपूरक गरी कुल ५४,६०,०००। (चौवन्न लाख साठी हजार) रकमको बजेट स्वीकृत गरी शान्तिबजार – घर्तीकाँडा - खागल सडक स्तरोन्नती शीर्षकको आयोजनामा बजेट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण कार्यक्रम अन्तर्गतका आयोजनाका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. ६४ मिति २०८१ कार्तिक १२ गतेको पत्रानुसार उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि कार्यविधिमा उल्लेख भएको जिल्लाका स्थानीय तहहरूले मात्र उक्त कार्यविधिको दफा ८ को व्यवस्था तथा अनुसूची-२ बमोजिमको ढाँचामा बढीमा २ (दुई) वटासम्म आयोजना / कार्यक्रम छनौट गरी कार्यपालिकाको निर्णय र अन्य आवश्यक कागजातहरू सहित २०८१ मङ्सिर ५ गतेभित्र आयोजना / कार्यक्रमको प्रस्ताव पेस गर्न अनुरोध भएबमोजिम उक्त कार्यविधिमा उल्लेखित प्रावधान र अन्य प्रचलित कानुनबमोजिम कार्यक्रम सञ्चालन गर्ने गरी यस चौरजहारी नगरपालिकाले तपसिल बमोजिमका आयोजना / कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner

तपसिल

| क्र. स. | प्रस्तावित / कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन हुने स्थान | अनुमानित लागत | | | लाभान्वित जनसङ्ख्या |
|---|---|---|---|---|---|---|
| | | | केन्द्रीय अनुदान | नगरपालिकाले व्यहोर्ने रकम | कुल लागत | |
| १ | जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम | चौरजहारी नगरपालिका ८, ७, ६, ५, १० र ११ | ५०,००,००० | ५१६५०० | ५५१६५०० | १०० |
| २ | अग्ला डाँडामा रिजार्ज पोखरी निर्माण कार्यक्रम | ४, ५, ६, ९, १२, ११, १०, १३ र १४ | ५०,००,००० | ६४१५३६ | ५६४१५३६ | १२००० |

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ **'बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा बालिका, अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा समन्यायिक पहुँच तथा सहभागिता, सिकाइ उपलब्धि सुनिश्चित गर्न, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गरी शिक्षामा समता, समावेशीकरण एवं विविधता व्यवस्थापनका विषयलाई प्रभावकारी बनाउन चौरजहारी नगरपालिका र सोअन्तर्गतका विद्यालयमा सरोकारवालाको सञ्जाल गठन गरी विद्यालय तहको शिक्षामा सहभागिता तथा समावेशीकरणलाई सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम चौरजहारी नगरपालिकाको बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ **'नगरपालिकाको JCB खरिद गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको नाममा हरेको भे १ ग १२० नं. को JCB बारम्बार मर्मत सम्भार गर्नुपर्ने भइ मर्मत खर्च नै अधिक हुन जाने र प्रभावकारी रुपमा प्रयोग गर्न नसकिने भएकोले फोहरमैला व्यवस्थापन, अवरुद्ध सडक तत्काल खुलाउने लगायतका अति आवश्यकीय कामका लागि JCB दुरुस्त अवस्थामा राख्न आवश्यक भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१घ. बमोजिम नयाँ लिने पुरानो दिने (बाइ ब्याक मेथड) विधिअनुसार आवश्यक प्रक्रिया पूरा गरी खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ **'विविध समसायिक विषयमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको नाममा रहेको कर्णाली प्रदेश कर्णाली प्रदेश ०२०१ झ ०१६६ नम्बरको स्कारपियो गाडीको २०८१ असोज महिनामा मर्मत गरेको मिति २०८१ असोज २१ गते जारी गनापुर अटो वर्कसपले जारी गरेअनुसारको रकम सम्बन्धित फर्मलाई भुक्तानी दिने निर्णय गरियो।

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner